# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८०/०८१
च.नं. 1069

कोशी प्रदेश, नेपाल
मितिः २०८०/०९/१८

## सिद्धिचरण नगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८०
## सञ्चालनसम्बन्धी सूचना !

चालु शैक्षिक सत्र-२०८० मा कक्षा-१२ सम्म नियमित अध्ययनरत १८ वर्षभन्दा मुनिका छात्रा/छात्रहरुबीच आ–आफ्नो समूहमा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८० अन्तर्गत सिद्धिचरण नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०/०९/०६ गतेको निर्णयानुसार मिति २०८० माघ ४ गतेदेखि ६ गतेसम्म श्री रुम्जाटार माध्यमिक विद्यालय रुम्जाटार, सि.न.पा.-४ को खेलमैदानमा देहाय अनुसार नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका,२०७० (पाँचौ संशोधनसहित) को अनुसूची– १ अनुसारको फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक आयोजक/प्रतियोगिता सञ्चालन गर्ने विद्यालय समक्ष मिति २०८० पौष २९ गते अपरान्ह ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण दर्ता गराउनुहुन नगरक्षेत्रभित्रका सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### तपसिल :

**१.भलिबल** : छात्र तथा छात्रा दुवै तर्फ
**२.कबड्डी** : छात्र तथा छात्रा दुवै तर्फ
**३. एथ्लेटिक्स :**

**क) दौड (ट्र्याक) तर्फ :**

**छात्रः** १०० मि., २०० मि, ४०० मि., ८०० मि., १५०० मि., ३००० मि.,४X १०० मि.रिले, ४X४०० मि.रिले
**छात्रा** :१०० मि., २०० मि, ४०० मि.,८०० मि., १५०० मि., ३००० मि.,४X १०० मि.रिले, ४X ४०० मि.रिले

**ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ :**

**छात्र** : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड
**छात्रा** : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

**४) मार्सल आर्ट तर्फ : (कराँते, तेक्वान्दो)**

(क) कराँते

छात्र :U '४२ के.जी. U '४७ के.जी., U '५२ के.जी. U '५७ के.जी. U '६२ के.जी., काता एकल
छात्रा : U'४० के.जी. U'४५ के.जी., U '५० के.जी., U '५५ के.जी. U '६० के.जी.,काता एकल

(ख) तेक्वान्दो :

छात्र :U '४५ के.जी. U '४८ के.जी., U '५१ के.जी., U '५५ के.जी., U '५९ के.जी.,एकल पुम्से
छात्रा :U '४२ के.जी. U '४४ के.जी., U '४६ के.जी., U'४९ के.जी. U '५२ के.जी.,एकल पुम्से

**नोट :**

१) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्मा १/१ खेलाडीलाई सहभागि गराउन सक्नेछन् । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछन् ।
२) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन् ।

क्रमशः...

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल


प.सं. २०८०/०८१

च.नं.

मितिः २०८०/०९/१८

३) चालु शैक्षिक सत्र-२०८० मा माध्यमिक विद्यालयको कक्षा–१२ सम्म नियमित रुपमा अध्ययनरत रहेका र प्रतियोगिताको समयमा १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् । ( जन्म मिति २०६२ माघ ७ गते र सो भन्दा पछि/यताको जन्म मिति हुनेले मात्र पाउने)

४) प्रतियोगितामा सहभागि खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागि हुन पाउने छन् ।

५) अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागि गराइने छैन ।

६) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुको जन्म दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उमेरको विषयमा कुनै बिबाद भएमा नागरिकताको प्रमाण पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा-८ को अन्तिम परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ ।

७) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०( संशोधनसहित) अनुसार हुनेछ ।

८) प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ । मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालयलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टमा सहभागी गराउने छैन । टिम गेमको हकमा पनि सोही नियम लागु हुनेछ ।

९) प्रतियोगितामा सहभागि हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका,२०७०(पाँचौ संशोधनसहित) को अनुसूची–१ अनुसारको फारामका साथ खेलाडी विद्यार्थीहरुको सामूहिक विमा गरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता संयोजन गर्ने विद्यालय श्री रुम्जाटार मावि रुम्जाटारमा मिति २०८० पौष २९ गते अपरान्ह ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण दर्ता गराउनुपर्नेछ ।

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत